# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र सङ्ख्या :- ०८०।०८१
चलानी नं. :- १२१८

मितिः-२०८०।११।१६

श्री सामुदायिक विद्यालय सबै,
बबई गाउँपालिका , दाङ ।

विषयः- प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आ.व.२०८१।०८२ को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्तावना माग भई आएकोले २०८०।११।२२ गते भित्र तपसिलको क्षेत्रहरुबाट उल्लेखित कागजात सहित प्रस्तावना पेस गर्न जानकारी साथ अनुरोध छ ।

माग गर्ने क्षेत्रहरु

१. विद्यालयको भौतिक पूर्वाधार (४ कोठे विद्यालय भवन )
२. सूचना प्रविधि ल्याव व्यवस्थापन र डिजिटल लाईब्रेरी

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**(४ कोठे भवन माग गर्ने आधारहरु) आवश्यक कागजातहरुः**

१. विद्यार्थी संख्याको आधारमा कक्षा कोठा अपुग भएको
२. विद्यालय क्षेत्रभित्र शौचालय निर्माणको लागि आफ्नै स्वामित्वमा जग्गा भएको ,
३. गत वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम नपरेको,
४. लागत साझेदारीमा कार्य गर्न सक्षम भए वि.व्य.सको निर्णय र वडाको सिफारिससहित प्रतिवद्धता पत्र
५. वडा कार्यालयको सिफारिस ।
६.विगतका वर्षहरुमा निर्माण कार्य सम्पन्न भईसकेको तर पनि भौतिक निर्माणको वेरुजु नरहेको एकिन भएको पत्र,

(सूचना प्रविधि व्यवस्थापन र डिजिटल लाईब्रेरीः)

१. सूचना प्रविधि तथा हाल सम्म डिजिटल लाईब्रेरी व्यवस्थापन नभएको माध्यमिक विद्यालय
२. ल्यावको व्यवस्थापन पश्चात उपयोग /प्रयोग गर्ने वि.व्य.सको निर्णय सहितको प्रतिवद्धता पत्र ,
३. उच्च विद्यार्थी संख्या भएका आधारभूत तह कक्षा ८ संचालन रहेका विद्यालय,
४. कोठा र विद्युतको पहुँच भएको ,
५. Computer र सूचना प्रविधिमा दखल भएको शिक्षक भएको ,
६. गत आ.व र विगतका वर्षहरुमा सूचना प्रविधिमा बजेट प्राप्त नगरेको ,

यसै साथ निर्देशन पठाईएको छ सोही बमोजिमको आवश्यक कागजात सहित तोकिए बमोजिम ढाँचामा निर्माण गरी २०८०।११।२२ गते भित्र पेस गर्नुहुन जानकारी गरिन्छ ।

"हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"
फोन नं.०८२-४०३०६९(अध्यक्ष), ०८२-४०३०७०(उपाध्यक्ष), ०८२-४०३०६८ (प्रमुख प्रशासकीय अधिकृत)
इमेल : ito.babaimun@gmail.com, info@babaimun.gov.np
वेबसाईट : https://babaimun.gov.np

